# सम्पति तथा जिन्सी मालसमान लिलाम बिकी सम्बन्धी बोलपत्र

## सूचना नं. ०१(लिलामी)/२०८०/८१

आ.ब.२०८०/८१

कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कलैया, बारा
मधेश प्रदेश, नेपाल


वेभसाइटः www.kalaiyamun.gov.np

ईमेलः kalaiyamun@gmail.com

# कलैया उपमाहानगरपालीका
# नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा
मधेश प्रदेश, नेपाल

कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय कलैया, बारा मधेश प्रदेश, नेपाल २०७३

## सम्पति तथा जिन्सी मालसमानको लिलाम बिक्री सम्बन्धी बोलपत्र अब्हानको सुचना

सूचना नं. ०१(लिलामी)/२०८०/८१

**(प्रथम पटक प्रकाशित मितिः २०८१।०१।०९ गते)**

यस कलैया उपमहानगरपालिकाको कार्यालयमा मौज्दामा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम विक्री गर्ने निर्णय भएको सम्पती तथा जिन्सी मालसमान जे जस्तो अवस्थामा छ सोही अवस्थामा वोलपत्रको माध्यमद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरुको अधिनमा रहि सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली (e-GP) को वेभसाइट www.bolpatra.gov.np/egp मार्फत वोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरुः

१. ईच्छुक वोलपत्रदाताहरुले यस कलैया उपमहानगरपालिकाको कार्यालयको जिन्सी शाखा, कार्यालयको वेभसाइट www.kalaiyamun.gov.np वा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली (e-GP) वाट आवश्यक जानकारी हासिल गर्ने वा वोलपत्र सम्वन्धी कागजात हेर्न सक्नेछन।

२. ईच्छुक वोलपत्रदाताले मिति २०८१।०१।३० गते दिनको १२:०० भित्र फिर्ता नहुने गरि रु. २०००.००(अक्षरेपी दुई हजार मात्र) रकम राष्ट्रिय वाणिज्य वैंक कलैया स्थित यस कार्यालयको राजश्व खाता नं. क. १२६०१००३०१०१०००४ कार्यालय कोड नं. ८०२२१३०१ राजश्व शिर्षक् नं. १४२४९ मा वुझाई राजश्व दाखिला भौचर, मु.अ.कर दर्ता, फर्म नविकरण तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु सहितको कागजात सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली (e-GP) मार्फत पेश गर्नु पर्नेछ।

३. वोलपत्र प्रथम प्रकाशित भएको मितिले २२औं दिनको १२:०० वजे e-GP मार्फत पेश गरि सक्नुपर्नेछ।

४. e-GP मार्फत दर्ता भएको वोलपत्रहरु २२औं दिनको १४:०० वजे उपस्थित भएका वोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। तर वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र वोलपत्र खोल्न वाधा पर्ने छैन।

प्रमुख प्रशासकीय अधिकृत

५. लिलाम बिक्री हुने सम्पति तथा जिन्सी मालसमान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समय भित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ।

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत बापत आफुले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम कलैया उपमहानगरपालिकाको कार्याल बारा कलैयाको नाममा राष्ट्रिय वाणिज्य बैंक कलैया शाखामा रहेको धरौटी खाता नं. १२६०१००३०३००००४ मा कार्यालय कोड नं. ८०२२१३०१ मा जम्मा गरी सोको बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैंक जमानत (बिड बण्ड) पेश गर्नु पर्नेछ।

७. बोलपत्र स्वीकृत गर्दा सबै भन्दा अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने दिन मानिनेछ।

९. यस सम्वन्धी अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ।

नगर कार्यपालिकाको कार्यालय, कलैया उपमहानगरपालिका, कलैया, बारा, मधेश प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

(बोलपत्रदाताले बोलपत्र फाराम पेश गर्दा गर्नुपर्ने निवेदन)

प्रमुख प्रशासकीय अधिकृत

श्रीमान् कार्यालय प्रमुख,
कलया उपमहानगरपालिका, कलैया, बारा।

विषयः बोलपत्र पेश गरेको सम्वन्धमा ।

त्यस कार्यालयको सूचना नं. ०१(लिलामी)/२०८०/८१ मिति .................. मा प्रकाशित सूचना अनुसार लिलाम बिक्रीको लागि राखिएको सम्पत्ति तथा मालसामान तसिल बमोजिम सकार गर्न मन्जुर भएकोले यो बोलपत्र फाराम भरि पेश गरेको छु।

<u>तपसिलः-</u>

कबोल अङ्क

१ एकमुष्ट कबोल रकम रु. ................( अक्षरेपी..............)

२ प्याकेज भए प्याकेज अनुसार कबोल रकम

प्याकेज १ रु. ................( अक्षरेपी..............)

प्याकेज २ रु. ................( अक्षरेपी..............)

बोलपत्र पेश गर्ने फर्म / ब्यक्तिको नाम

ठेगानाः-

मितिः-

हस्ताक्षरः-

## बोलपत्र सम्बन्धी शर्तहरु

१. वोलपत्र सम्वन्धी कागजातः लिलाम बिक्री सम्झौताको लागि यो बोलपत्र फाराममा सामावेश भएको सम्पूर्ण विषय लागू हुनेछ। बोलपत्रदाताले कार्यालयबाट खरिद गरेको फाराममा दस्तखत र फर्म वा संस्था भए छाप समेत लगाई पेश गर्नु पर्नेछ।

२. वोलपत्रको भाषाः लिलाम बिक्रीको लागि कार्यालय तथा वोलपत्रदाताले प्रयोग गर्ने कागजात तथा पत्राचार नेपाली भाषामा हुनेछ।

३. कुनै बोलपत्रदाता फर्म वा संस्थाले संयुक्त उपक्रममा बोलपत्र पेश गर्न चाहेमा संयुक्त उपक्रम सम्झौता गरि पेश गर्न सक्नेछ। यसरी सम्झौता गरे पश्चात बोलपत्र फाराममा दस्तखत गर्ने लगायतको लागि अधिकारिक ब्यक्ति नियुक्त गरि निजको दस्तखत नमुना बोलपत्र फाराममा समावेश गर्नु पर्नेछ।

४. लिलाम बिक्री सम्बन्धी कारवाही आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७६ तथा नियमावली २०७७ मा भएको ब्यवस्था बमोजिम हुनेछ।

५. वोलपत्रसाथ आफूले कवोल गरेको रकमको दश प्रतिशत (१०%) ले हुने रकम राष्ट्रिय वाणिज्य वैंकमा यस कलैया उपमहानगरपालिकाको धरौटी खाता नं. १२६०१००३०३००००४ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।

६. वोलपत्रदाताले स्पष्ट रुपमा प्रोपराइटर, कारोबार गर्ने मुख्य ब्यक्ति, कारोवार गर्ने मुख्य स्थल वा पसल फोन नं. आदि सबै कुराको जानकारी उपलब्ध गराउनु पर्नेछ।

७. वोलपत्रदाताले बोलपत्र फाराम भर्दा राम्ररी अध्ययन गरि सच्याएको ठाउँमा र प्रत्येक पानामा आफुले हस्ताक्षर गरि आफ्नो फर्मको छाप समेत लगाउनु पर्नेछ।

८. कार्यालयले लिलाम बिक्रीको लागि छनौट भएको ब्यक्ति वा फर्मको सूचना प्रकाशन गरे पछि सो प्रकृयामा चित्त नबुझेका वोलपत्रदाताले ७ (सात) दिन भित्र कार्यालय प्रमुख समक्ष निवेदन पेश गर्नु पर्नेछ।

९. लिलाम बिक्रीको लागि पेश भएको वोलपत्र स्वीकार गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहेको छ।

१०. लिलाम बिक्री सम्झौता सम्बन्धी बिवाद देखिएमा कार्यालय र वोलपत्रदाता विच वार्ताद्वारा सामाधान गरिनेछ।

११. वोलपत्र फाराममा बिभिन्न प्याकेजमा सम्पत्ति तथा मालसमान लिलाम विक्री गर्ने गरि समुहकृत गरिएकोमा प्याकेज भित्र रहेका सम्पत्ति तथा जिन्सी मालसमानको मुल्य कवोल गर्नु पर्नेछ। प्रत्येक प्याकेजको कुल रकममा वढी रकम कबोल गर्ने वोलपत्रदाता छनौट गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृ

१२. लिलाम गरिने माल सामानको नियुनतम मुल्य रु. २१,०५,०००(अक्षरेपी एकाइस लाख पाँच हजार मात्र) कायम गरिएको छ। बोलपत्रदाताले यसै रकमलाई नियुनतम रकम मानि वोल कबोल गर्नु पर्नेछ।

१३. बोलपत्र फाराममा उल्लेख भए अनुरुपका लिलाम बिक्री गरिने सम्पत्ति तथा जिन्सी मालसमान बोलपत्र पेश गर्नु अगावै हेरि बोलपत्र फाराम पेश गर्नु पर्नेछ।

१४. पेश भएको बोलपत्रको मान्य अवधि ६० (साठी) दिनको हुनेछ। पेश हुन आएका बोलपत्र मुल्याङ्कन उक्त अवधि भित्र गरि सम्झौताको लागि छनौट गरिनेछ।

१५. बोलपत्र फाराममा सम्पत्ति तथा जिन्सी मालसमानको कबोल रकम स्पष्ट अंक र अक्षरमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ।

१६. लिलाम बिक्रीको सम्झौता बमोजिमको रकम एकमुष्ट कार्यालयमा नगद वा कार्यालयले तोकेको बैंकमा जम्मा गरि सो को भौचर पेश गर्नु पर्नेछ।

१७. बोलपत्रदाताले सम्झौतामा उल्लेखित अवधि भित्र सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसमान उठाइ लैजानु पर्नेछ।

१८. लिलाम बिक्रीबाट सकार गरेको सम्पत्ति तथा जिन्सी मालसमान जे जस्तो अवस्थामा छ सोहि अवस्थामा उठाइ लैजानु पर्नेछ।

१९. लिलाम गरिएको सम्पत्ति तथा मालसमान ढुवानी गरि एक ठाउँबाट अर्को ठाँउमा लैजादा लाग्ने सम्पूर्ण खर्च ( कर समेत) बोलपत्रदाता आफैले ब्यहोर्नु पर्नेछ।

२०. सम्झौता अवधि भित्र सम्पत्ति तथा जिन्सी मालसमान वोलपत्रदाताले उठाइ लान काबु बाहिरको परिस्थिति परेमा सम्झौता अवधि सकिनु अगावै म्याद थपको लागि कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ।

२१. सम्झौता अवधि भित्र सम्पत्ति तथा मालसमान उठाइ नलगेमा वा सम्झौताको शर्त बोलपत्रदाताले उलङ्घन गरेका कार्यालयले बोलपत्रदाताको धरौटी रकम जफत गरि सम्झौता अन्त्य गरिनेछ।

२२. बोलपत्रदाताले सशर्त बोलपत्र पेश गर्न सक्ने छैन।

२३. बोलपत्र सम्बन्धी शर्तहरु सम्झौताको अंक हुनेछ।

# लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसमानको कबोल अङ्क

| सि. नं. | सम्पत्तिको नाम (काम नलाग्ने) | इकाई | परिमाण | सम्पत्ति भएको स्थान | कार्यालयको स्वीकृत प्रति इकाइ न्युन्तम मूल्य | | | प्रति इकाइ कबिल अङ्क | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अङ्कमा | अक्षरमा | जम्मा रकम | अङ्कमा | अक्षरमा | जम्मा रकम | |
| १ | दमकल | कि.ग्रा. | ५००० | क.उ.म.न.पा. | ४० | चालिस | २००००० | | | | |
| २ | एमबुलेन्स २ पिस | कि.ग्रा. | ५००० | क.उ.म.न.पा. | ४० | चालिस | २००००० | | | | |
| ३ | कार | कि.ग्रा. | ४०० | क.उ.म.न.पा. | ४० | चालिस | १६००० | | | | |
| ४ | मिनी टिपर | कि.ग्रा. | ३००० | क.उ.म.न.पा. | ४० | चालिस | १२०००० | | | | |
| ५ | टेक्टर ट्रेलर | कि.ग्रा. | ५०० | क.उ.म.न.पा. | ४० | चालिस | २०००० | | | | |
| ६ | जिप | कि.ग्रा. | २००० | क.उ.म.न.पा. | ४० | चालिस | ८०००० | | | | |
| ७ | पिकप | कि.ग्रा. | १००० | क.उ.म.न.पा. | ४० | चालिस | ४०००० | | | | |
| ८ | ए.स.ई हाईड्रा | कि.ग्रा. | १०००० | क.उ.म.न.पा. | ४० | चालिस | ४००००० | | | | |
| ९ | पानी तान्ने पम्प सेट | थान | २ | क.उ.म.न.पा. | १००० | एक हजार | २००० | | | | |
| १० | दमकलको वाटर पम्प | कि.ग्रा. | 100 | क.उ.म.न.पा. | ४० | चालिस | ४००० | | | | |
| ११ | सानो दमकल | कि.ग्रा. | 80 | क.उ.म.न.पा. | ४० | चालिस | ३२०० | | | | |
| १२ | केस भ्याकुम लोडरको सिलिन्डर २ थान | कि.ग्रा. | १३० | क.उ.म.न.पा. | ४० | चालिस | ५२०० | | | | |
| १३ | जरनेटर लिलन बक्स ६ केबिन | कि.ग्रा. | २५०० | क.उ.म.न.पा. | ४० | चालिस | १००००० | | | | |
| १४ | सिमेन्ट मिक्सचर ड्रम ४ होल | कि.ग्रा. | ९००० | क.उ.म.न.पा. | ४० | चालिस | ३६०००० | | | | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | ढुङा फोडने मसिन | कि.ग्रा. | ८५०० | क.उ.म.न.पा. | ४० | चालिस | ३४०००० | | | | |
| १६ | सिमन्ट मिक्चर मसिन | कि.ग्रा. | ३५०० | क.उ.म.न.पा. | ४० | चालिस | १४०००० | | | | |
| १७ | कलको हेड ४० थान | कि.ग्रा. | ४५० | क.उ.म.न.पा. | ४० | चालिस | १८००० | | | | |
| १८ | व्याट्री १५० एम पियर ४ थान | कि.ग्रा. | १०० | क.उ.म.न.पा. | ८० | असी | ८००० | | | | |
| १९ | सुमो,स्कार्पियो टायर | थान | ३३ | क.उ.म.न.पा. | २०० | दुई सय | ६६०० | | | | |
| २० | जे.सि.बि.टायर | थान | ४ | क.उ.म.न.पा. | ५०० | पाँच सय | २००० | | | | |
| २१ | ग्रेडर टायर | थान | ४ | क.उ.म.न.पा. | ५०० | पाँच सय | २००० | | | | |
| २२ | काठको दराज १४ थान | कि.ग्रा. | ५५० | क.उ.म.न.पा. | ९ | नौ | ४९५० | | | | |
| २३ | स्टिल दराज ६ थान | कि.ग्रा. | १२० | क.उ.म.न.पा. | ४० | चालिस | ४८०० | | | | |
| २४ | काठको रैक ठुलो ३ थान | कि.ग्रा. | १५० | क.उ.म.न.पा. | ९ | नौ | १३५० | | | | |
| २५ | काठको टेबुल ४ थान | कि.ग्रा. | १०० | क.उ.म.न.पा. | ९ | नौ | ९०० | | | | |
| २६ | रिवाल्बिङ चेयर ८ थान | कि.ग्रा. | ४० | क.उ.म.न.पा. | ४० | चालिस | १६०० | | | | |
| २७ | कवाडी साईकल २ थान | कि.ग्रा. | १० | क.उ.म.न.पा. | ४० | चालिस | ४०० | | | | |
| २८ | मोटर साइकल २ थान | कि.ग्रा. | १०० | क.उ.म.न.पा. | ४० | चालिस | ४००० | | | | |

कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय कलैया, बारा मधेश प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधि

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २९ | मोटर साईकल टायर | | | | | | | | | | |
| ३० | जस्ता पाता ४० थान | | | | | | | | | | |
| ३१ | सप्लाई पाईप | | | | | | | | | | |
| ३२ | सेक्सन पाईप | | | | | | | | | | |
| ३३ | भेपर पाईप १२५ थान | | | | | | | | | | |
| ३४ | प्रिन्टर, डेक्सटप २० थान | | | | | | | | | | |
| ३५ | ५ के भी स्टोप्लाईजर ३ थान | कि.ग्रा. | ५०० | क.उ.म.न.पा. | ४० | चालिस | २०००० | | | | |
| ३६ | कवाडी ठेला | | | | | | | | | | |
| ३७ | जे.सि.बि.को दाती ११ थान | | | | | | | | | | |
| ३८ | पलास्टिक कुर्सी ५ थान | | | | | | | | | | |
| ३९ | कवाडी वेड २ थान | | | | | | | | | | |
| कुल रकम | | | | | | | २१०५००० | | | | |

<u>वोलपत्रदाता:</u>

वोलपत्रदाता पेश गर्ने व्यक्ति वा फर्मको नाम:

फर्मको छाप:

मिति:

२०८१।१।८

प्रमुख प्रशासकीय अधिकृत